# अर्थ मन्त्रालयसंग सम्वन्धित सार्वजनिक विवरण

## सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) को प्रयोजनार्थ

(२०७४ माघ १ देखि २०७४ चैत्र मसान्तसम्मको)




अर्थ मन्त्रालय

सिंहदरवार

वैशाख, २०७५

www.mof.gov.np

## १. अर्थ मन्त्रालयको परिचय र उद्धेश्य

### (क) पृष्ठभूमिः

समष्टिगत आर्थिक नीतिहरुको तर्जुमा र कार्यान्वयनको माध्यमबाट मुलुकको आर्थिक विकासमा अर्थ मन्त्रालयको नेतृत्वदायी भूमिका रहेको छ । मुलुकको आर्थिक क्षेत्र, सार्वजनिक वित्त, वित्तीय तथा मौद्रिक क्षेत्रसंग सम्वन्धित नीति तर्जुमा, कार्यान्वयन तथा अनुगमन र व्यवस्थापन गर्ने दायित्व अर्थ मन्त्रालयमा रहेको छ। नेपाल सरकारको वार्षिक बजेट तर्जुमा र बजेटको कार्यान्वयन, सार्वजनिक खर्च व्यवस्थापन, सार्वजनिक ऋण व्यवस्थापन, राजस्व व्यवस्थापन तथा स्रोत परिचालन, समष्टिगत आर्थिक स्थायित्व, अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन तथा व्यवस्थापन, विदेशी मुद्रा विनिमय नियन्त्रण तथा नियमन, राजस्व चुहावट नियन्त्रण, सम्पति शुद्धिकरण अनुसन्धान, सामान्य मूल्य नीति, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक प्रशासन, बैंकिङ्ग तथा वित्तिय क्षेत्र व्यवस्थापन, बीमा र पुँजी बजारको व्यवस्थापन र नियमन जस्ता विषय अर्थ मन्त्रालयको कार्य क्षेत्र भित्र पर्दछ ।साथै वित्तीय संघीयताको कार्यान्वयनको क्रममा संघ, प्रदेश तथा स्थानीय तहको संविधान प्रदत्त अधिकारको कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको परिचालन, राजस्व तथा रोयल्टी बाँडफाँड र अन्तर सरकारी वित्त हस्तान्तरणको व्यवस्थापनको विषय पनि यस मन्त्रालयले हेर्ने गर्दछ । वित्तीय नीति मार्फत अर्थ मन्त्रालयले मुलुकको सम्पूर्ण आर्थिक क्षेत्रलाई गतिशील वनाउने भूमिका समेत खेल्दै आएको छ।

### (ख) दृष्टिकोणः

सबल आर्थिक नीति, सार्वजनिक वित्त तथा आर्थिक क्षेत्र व्यवस्थापनको माध्यमबाट दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि हासिल गरी सुदृढ अर्थतन्त्रको निर्माण गरी समृद्ध नेपाल बनाउने अभियानमा सहयोग पुर्याउने ।

### (ग) ध्येयः

आन्तरिक राजस्वको आधारलाई सुदृढ गर्दै उपलव्ध वित्तीय स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्नमा सहयोग पु¥याउने।

### (घ) रणनीतिः

(१) राजस्व प्रशासनको संरचनागत एवं संस्थागत सुधार गर्ने ।
(२) कर चुहावट नियन्त्रण एवं कर परिपालनाको स्तर अभिबृद्धि गर्ने ।
(३) वित्तिय सुशासन कायम गर्ने ।

### (१) समष्टिगत लक्ष्यः

मुलुकको आर्थिक नीति तर्जुमा गर्न योगदान गर्ने र आर्थिक नीति व्यवस्थापनको कार्य गर्ने।

### (२) कार्यनीतिक लक्ष्यहरुः

- राजस्व प्रणालीलाई सरल बनाउने, कराधार फराकिलो गर्ने र उपयुक्त करका दरहरु तोक्ने।
- कर प्रशासनको दक्षता र प्रभावकारितामा सुधार गर्ने।
- प्राथमिकता प्राप्त क्षेत्रहरुको लागि प्रभावकारी र न्यायोचित रुपमा साधनको बाँडफाँड गर्ने नीति अवलम्वन गर्ने।
- वित्तीय संस्था र वित्तीय उपकरणहरुको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणालीको विकास गर्ने।

- सरकारी स्वामित्वका संस्थानहरुलाई प्रभावकारी बनाउनका लागि निजीकरण नीतिका साथै आवश्यक अन्य नीतिहरु अवलम्वन गर्ने।
- पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्वन गर्ने।
- सार्वजनिक क्षेत्रका कर्मचारीहरुको लागि उपयुक्त तलबमान एवं प्रोत्साहन प्रणाली अवलम्वन गर्ने।
- सार्वजनिक खर्च सम्वन्धी नीतिहरुको तर्जुमा र कार्यान्वियन गर्ने।
- वैदेशिक सहायताबाट प्राप्त स्रोतहरुको व्यवस्थापनको लागि प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्ने।
- सार्वजनिक र निजीक्षेत्र वीच विश्वासको वातावरण कायम गर्दै समग्र आर्थिक विकासमा निजी क्षेत्रको संलग्नताको लागि अनुकूल वातावरणको सृजनामा सहयोग गर्ने।
- नेपाल सरकार, प्रदेश तथा स्थानीय तहवीच आर्थिक नीति, लगानी, ऋण व्यवस्थापन, राजस्व बाँडफाँड र अनुदानको विषयमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

**(ङ) रणनीतिक उद्देश्यहरुः**

- आर्थिक व्यवस्थापन सुधार कार्यमा योगदान पुर्‍याउने।
- संबिधान कार्यान्वयन, आधारभूत स्वास्थ्य सेवा र शिक्षा र ग्रामीण पूर्वाधार विकास जस्ता सामाजिक-आर्थिक पूर्वाधार, पुँजी निर्माण र गरिबी निवारण र पूनर्निर्माणलाई तिब्रता दिने गरी सार्वजनिक खर्चको प्राथमिकीकरण गर्ने।
- राजस्वको क्षेत्र र दायरा वृद्धि हुने उपायको खोजी गर्ने ।
- प्रभावकारी र दक्ष सेवाको प्रत्याभूतिको लागि बजेट सहयोग उपलव्ध गराउने।
- आवश्यकतामा आधारित वैदेशिक सहयोग परिचालन गर्ने र वैदेशिक सहयोगको प्रभावकारीतामा सुधार गर्ने।
- सार्वजनिक संस्थानहरुमा प्रभावकारी वित्तीय व्यवस्थापन अभ्यासहरुको प्रत्याभूति गर्ने र तिनीहरुले प्रदान गर्ने सेवाहरुमा सुधार गर्ने।
- विभिन्न मन्त्रालय, विभाग र निकायहरुको लागि भएको बजेट विनियोजन र तिनीहरुले प्रदान गर्ने सेवा प्रवाह प्रणाली वीचमा प्रभावकारी सम्वन्ध स्थापित गर्न्ने

## २. संगठनात्मक स्वरुपः



(अनुसूची ४)

# अर्थमन्त्रालयको प्रस्तावित दरवन्दी तेरिज

| क्रम | पद | श्रेणी/तह | सेवा | समूह | मौजुदा दरवन्दी | थप | घट | खुद कायम | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | प्रशासन | | १ | | | १ | |
| २ | सचिव (राजस्व) | विशिष्ट | प्रशासन | | १ | | | १ | |
| ३ | सहसचिव | रा.प.प्र. | प्रशासन | सा.प्र. | ९ | | २ | ७ | |
| ४ | सहसचिव | रा.प.प्र. | न्याय | कानून | १ | | | १ | |
| ५ | उपसचिव | रा.प.द्वि. | प्रशासन | राजस्व | ३३ | | ५ | २८ | |
| ६ | उपसचिव | रा.प.द्वि. | प्रशासन | सा.प्र. | १ | | | १ | |
| ७ | उपसचिवलेखा | रा.प.द्वि. | प्रशासन | लेखा | ४ | | ३ | १ | |
| ८ | उपसचिव | रा.प.द्वि. | न्याय | कानून | १ | | | १ | |
| ९ | उप सचिव सूचना प्रविधि | रा.प.द्वि. | विविध | | १ | | | १ | |
| १० | वरिष्ठ तथ्यांकशास्त्री | रा.प.द्वि. | यो.त. | तथ्याङ्क | १ | | | १ | |
| ११ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | राजस्व | ४२ | ६ | | ४८ | |
| १२ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | ४ | | १ | ३ | |
| १३ | शाखा अधिकृत | रा.प.तृ. | न्याय | कानून | १ | १ | | २ | |
| १४ | तथ्याङ्क अधिकृत | रा.प.तृ. | विविध | तथ्याङ्क | १ | | | १ | |
| १५ | कम्प्यूटर इन्जिनियर | रा.प.तृ. | विविध | | ३ | | | ३ | |
| १६ | कम्प्यूटर अधिकृत | रा.प.तृ. | विविध | | ११ | | | ११ | |
| १७ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | | | १ | |
| १८ | अर्थशास्त्री | रा.प.तृ. | विविध | | १ | १ | | २ | |
| १९ | पुस्तकालय अधिकृत | रा.प.तृ. | शिक्षा | पु.विज्ञान | १ | | | १ | |
| २० | नायवसुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | राजस्व | ४० | | २० | २० | |
| २१ | नायवसुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ३ | | | ३ | |
| २२ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | ५ | | ३ | २ | |
| २३ | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्र.प्रा. | विविध | | ३ | | | ३ | |
| २४ | कार्टोग्राफर | रा.प.अनं.प्रथम | विविध | | १ | | १ | ० | |
| २६ | सि.प्लम्वर | रा.प.अनं.प्रथम | इन्जि. | इले. | १ | | | १ | |
| २७ | सि.अफसेटप्रेसम्यान | रा.प.अनं.प्रथम | शिक्षा | मुद्रण | १ | | | १ | |
| २८ | खरिदार | रा.प.अनं.द्वि. | प्रशासन | राजस्व | ११ | | ११ | ० | |
| २९ | सह लेखापाल | रा.प.अनं.द्वि. | प्रशासन | लेखा | ३ | | ३ | ० | |
| ३० | इलेक्ट्रिसियन | रा.प.अनं.द्वि. | इन्जि. | इले. | १ | | १ | ० | |
| ३१ | टेलिफोन अपरेटर | रा.प.अनं.द्वि. | विविध | | १ | | | १ | |
| ३२ | टाइपिष्ट | वेग अनुसार | प्रशासन | | ६ | | ६ | ० | |
| ३४ | प्र.हेडगार्ड | रा.प.अनं.द्वि. | प्रशासन | | १ | | १ | ० | |
| ३६ | लिथो सहायक | रा.प.अनं.तृ. | विविध | | १ | | १ | ० | |
| ३७ | हलुकासवारी चालक | श्रेणीविहिन | | | १४ | १ | | १५ | |
| ३८ | कार्यालयसहयोगी | श्रेणीविहिन | | | २५ | | १ | २४ | |
| ३९ | माली | श्रेणीविहिन | | | २ | | २ | ० | |
| ४० | गार्ड | श्रेणीविहिन | | | ३ | | २ | १ | |
| | | | | जम्मा | २४० | ९ | ६२ | १८६ | |

## कार्यक्षेत्र

नेपाल सरकार (कार्यविभाजन नियमावली) २०६९(संशोधन सहित,२०७२) ले अर्थ मन्त्रालय अन्तर्गतको निकायहरुको कार्य सम्पादनका लागि निर्दिष्ट गरेका कार्यक्षेत्रहरु निम्न बमोजिम रहेका छन्:

१. आर्थिक तथा राजस्व नीति, आर्थिक प्रशासन र नियन्त्रण सम्बन्धी योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. आर्थिक विश्लेषण,

३. आर्थिक साधनको बाँडफाँड,

४. मुद्रा, मौद्रिक नीति निर्धारण र कार्यान्वयन,

५. नेपाल राष्ट्र बैंक, बैंकिङ्ग (नेपाल औद्योगिक विकास निगम समेत), वित्तीय संस्था तथा वीमा,

६. आय र व्यको विवरण (बजेट),

७. राजस्व नीति र योजना,

८. राजस्व प्रशासन तथा राजस्व संकलन,

९. राजस्व अनुसन्धान,

१०. सामान्य मूल्य नीति,

११. सामाजिक तथा आर्थिक विकासको लागि अन्तर्राष्ट्रिय सम्पर्क र समन्वय,

१२. आर्थिक, बैंकिङ्ग तथा मुद्रा विषयक अन्तर्राष्ट्रिय सम्पर्क समन्वय,

१३. वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता,

१४. विदेशी मुद्रा विनिमय तथा नियन्त्रण,

१५. सार्वजनिक ऋण तथा नियन्त्रण,

१६. तलब, भत्ता, दैनिक तथा भ्रमण भत्ता, निवृत्तभरण, उपदान लगायत आर्थिक दायित्व र सेवा सुविधा सम्बन्धी विषय,

१७. सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, वोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण,

१८. विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय विकास संस्था तथा अन्य अन्तर्राष्ट्रिय वित्तीय संस्था,

१९. सरकारी कोषको व्यवस्थापन, सञ्चालन तथा प्रशासन,

२०. लेखा नियन्त्रण तथा व्यवस्थापन,

२१. सार्वजनिक प्रतिष्ठानको निजीकरण, अनुगमन र नियमन,

२२. सार्वजनिक संस्थान प्रशासन, नीति निर्माण र समन्वय,

२३. राजस्व आर्थिक प्रशासन तालिम,

२४. पूँजी बजार,

२५. सार्वजनिक लगानी,

२६. महालेखा परीक्षकको कार्यालय,

२७. कर्मचारी सञ्चय कोष,

२८. नागरिक लगानी कोष,

२९. सार्वजनिक संस्थान निर्देशन बोर्ड,

३०. अवकाश कोष,

३१. नेपाल लेखापरीक्षण सेवाको सञ्चालन।

३२. नगर विकास कोष

उपरोक्त कार्यक्षेत्रका साथै निम्न विषय समेत यस मन्त्रालयले हेर्दै आएको छः

- अन्तरसरकारी वित्त हस्तान्तरण सम्वन्धी कार्य (राजस्व तथा रोयल्टी बाँडफाँड, अनुदान वितरण)
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्वन्धी कार्य र,
- धितोपत्र तथा वस्तु विनिमय सम्वन्धी कार्य ।

## ३ अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः

(क) माथि उल्लिखित कार्य क्षेत्र अन्तरगतका नीतिगत कार्यहरु र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरु ।

## ४ सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्वरः

| सि.नं. | सचिवालय/महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | माननीय अर्थमन्त्री | डा. युवराज खतिवडा | ४२११३९० |
| २. | सचिव | डा. राजन खनाल | ४२११३३२ |
| ३. | सचिव (राजस्व) | श्री शिशिरकुमार ढुङ्गाना | ४२११७७० |
| ४. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव श्री निर्मलहरि अधिकारी | ४२११४०१ |
| ५. | अन्तराष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखा | सहसचिव श्री श्रीकृष्ण नेपाल | ४२११३७१ |
| ६. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव श्री रामशरण पुडासैनी | ४२११३१५ |
| ७. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव श्री | ४२११३२६ |
| ९. | कानून तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव श्री उदयराज सापकोटा | ४२११८१३ |
| १०. | वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा | सहसचिव श्री उत्तरकुमार खत्री<br>सहसचिव श्री गणेशप्रसाद पाण्डे | ४२११३०६<br>४२११३७७ |
| ११. | योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव श्री झक्कप्रसाद आचार्य | ४२००४१८ |
| १२. | प्रशासन महाशाखा | सहसचिव श्री अर्जुनप्रसाद पोखरेल | ४२११३०० |

## ५ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

### (क) सूचना दिँदा लिनुपर्ने शुल्क/दस्तुर

- सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन।
- सामान्य आकारको (आठ दशमल तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइ सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको पाँच पृष्ठ सम्मको सूचना निःशुल्क उपलव्ध गराइनेछ ।
- पाँच पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार दस्तुर लिइनेछ ।
  - ✓सामान्य आकारको (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको पाँच पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैंयाँ लाग्नेछ।
  - ✓माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैयाँ दस्तुर लाग्नेछ। सुरुका पाँच पेज निःशुल्क दिनुपर्ने वाध्यता यसमा रहने छैन ।
  - ✓डिस्केट, सीडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी वापत पचास रूपैयाँ दस्तुर,
  - ✓कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
  - ✓सार्वजनिक निकायमा रहेक कुनै लिखत, सामग्री वा सो निकायको काम कारवाईको अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ । तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रुपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन वापत दस्तुर लाग्ने छैन ।
  - ✓प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ ।
  - ✓मूल्य राखी विक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मूल्य बमोजिम नै हुनेछ।
  - ✓तर अर्थ मन्त्रालयको उद्देश्य र कामको प्रर्वद्धनका लागि वितरण गरिने सूचना-सामग्रीको शुल्क लाग्ने छैन ।

### (ख) सूचना उपलब्ध गराए बापत दस्तुर लिने तरिका

(१) नगद लिएर राजस्व खातामा जम्मा गर्न सकिनेछ ।

(२) कुनै बैंकमा जम्मा गर्न लगाई सोको भौचर पेश गर्न लगाउन सकिनेछ ।

(३) सो रकम बराबरको हुलाक टिकट निवदेनमा टाँस्न लगाउन पनि सकिनेछ ।

**(ग) सेवा प्राप्त गर्न लाग्ने अवधि**

(१) सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र, निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलव्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलव्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलव्ध गराईनेछ । कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासंग सम्बन्धित सूचना माग गरेको पाईएमा २४ घण्टाभित्र उपलव्ध गराइने छ।

(२) अन्य विशेष ऐन नियमले अवधि तोकेकोमा सोही बमोजिम हुनेछ।

**६ निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

**(क) निर्णय प्रक्रिया सम्बन्धमाः**

(१) मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः

- सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम ।

(२) सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम ।

**(ख) निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

- मन्त्रालयले सम्पादन गर्ने नीतिगत एवं अन्य कार्यहरु सम्बन्धमाः
- मन्त्रिपरिषदमा प्रस्ताव पठाएर
- माननीय अर्थ मन्त्रीस्तरबाट
- माननीय अर्थ राज्यमन्त्रीस्तरबाट
- अर्थ सचिवस्तरबाट
- सचिव(राजस्व) स्तरबाट
- माननीय अर्थ मन्त्रीबाट प्रत्यायोजित अधिकार बमोजिम
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम, र
- अन्य विशेष ऐन, नियमले सचिवले गर्ने भनी तोकिएका कामहरु ।
- सचिवले प्रत्यायोजन गरेको अधिकार वमोजिम तोकिएको कर्मचारीले ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा अर्थ सचिवले ।

**७. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

**क) अर्थ मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः-**

प्रचलित ऐन कानूनमा तोकिएको व्यवस्था बमोजिम

**ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ वमोजिम परेको उजुरी सम्बन्धमाः-**

राष्ट्रिय सूचना आयोग

## १०. सम्पादन गरेका मुख्य मुख्य कामको विवरणः

### १०.१.समष्टिगत आर्थिक परिसूचकः (२०७४ फागुन मसान्तको तथ्यांकमा आधारित)

| क.स | आर्थिक परिसूचकहरु | उपलब्धि/अवस्था | कैफियत |
|---|---|---|---|
| १. | आर्थिक बृद्धि | ५.९% हुने अनुमान | |
| २. | उपभोक्ता मुद्रास्फीति | ६% | |
| ३. | शोधनान्तर स्थिति | २४ अर्व ७३ करोड घाटा | |
| ४. | सरकारी कोषको अवस्था | १ खर्व ९६ अर्व ३५ करोड | |
| ५. | बैदेशिक ब्यापार | परिमाण | |
| | आयात | ६७६ अर्व ३६ करोड | |
| | निर्यात | ५३ अर्व ४२ करोड | |
| ६. | विदेशी विनिमय सञ्चिती | १०४९ अर्व २२ करोड | |
| ७. | विप्रेषण | ४७१ अर्व ८६ करोड | |
| ८. | राजस्व परिचालन | ५ खर्व ८ अर्व ७४ करोड/चैत्र मसान्त (२०७४ चैत्र महिना सम्मको लक्ष्यको करिव ९७%) | |
| ९. | नेप्से परिसूचक | १२७७.५५ विन्दु (चैत्र मसान्तका दिनको) | |

### १०.२.बजेट कार्यान्वयन तथा सार्वजनिक खर्च व्यवस्थापनः

- चालु आर्थिक बर्षको कुल बजेट रु १२ खर्व ७८ अर्ब ९९ करोड मध्ये २०७४ चैत्र मसान्तसम्म सम्म रु ६ खर्व ८१ अर्ब ७३ करोड खर्च भएको छ । सो मध्ये चालु खर्च रु. ५ खर्व १९ अर्ब ९६ करोड , पुंजीगत खर्च रु १ खर्व १८ अर्ब २१ करोड र वित्तीय व्यवस्था अन्तरगत रु ४३ अर्ब ५४ करोड खर्च भएको छ । जसअनुसार बजेटको तुलनामा चालु खर्च ६४.७१%, पुंजीगत खर्च ३५.२७% र वित्तीय व्यवस्था अन्तरगत ३१.०४% खर्च भएको छ भने जम्मा खर्च ५३.३० प्रतिशत रहेको छ ।
- विभिन्न मन्त्रालय/निकायको लागि ऐन/नियम तर्जुमाको लागि सहमति प्रदान गरिएको।
- स्थानीय तह, प्रदेश र संघीय संसदको निर्वाचनको लागि स्रोतको व्यवस्था गरिएको।
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन,आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को तर्जुमा गरिएको ।
- बजेट कार्यान्वयनको क्रममा आईपरेका समस्याहरुको मार्गदर्शन,परिपत्र, ध्यानाकर्षण मार्फत सम्बोधन गरिएको।
- प्रदेश पदाधिकारीहरुको तलव भत्ताको मोडल मापदण्ड तर्जुमा गरिएको।
- आर्थिक वर्ष २०७५/७६ को विकास कार्यक्रम/आयोजनाहरु प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्ने आधार स्वीकृत गर्ने र नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने अनुमानित

स्रोतको सीमा निर्धारण गर्ने विषयमा प्रस्ताव तयार गरी नेपाल सरकार मन्त्रिपरिषदबाट निर्णय समेत भइसकेको।

- आर्थिक वर्ष २०७४/७५ को बजेटको अर्ध-वार्षिक मूल्यांकन प्रतिवेदन प्रकाशन गरिएको।
- आर्थिक वर्ष २०७३/७४ को बजेटको वार्षिक प्रतिवेदन Website मार्फत प्रकाशन गरिएको।
- राष्ट्रिय गौरबका आयोजनाहरुलाई स्रोतको कमी हुन नदिने प्रतिवद्धता बमोजिम थप निकासा गरिएको।

### १०.३. भूकम्प पछिको पुनःनिर्माण र नवनिर्माणका लागि बजेट व्यवस्थापन

- भूकम्पबाट क्षतिग्रस्त भएका बिद्यालय, स्वास्थ्य संस्था , महत्वपूर्ण सरकारी भवन लगायतका सार्वजनिक संरचनाहरु, विश्व सम्पदासूचीमा रहेका ऐतिहासिक एवम् पुरातात्विक महत्वका स्थल तथा पशुपति क्षेत्रका संरचनाहरुको पुनर्निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- भूकम्प पीडितहरूको घर निर्माणका लागि सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यविधि, २०७४ कार्यान्वयनमा आइ परेका कठिनाईलाई सम्वोधन गर्ने गरी आवश्यक संशोधन गरिएको छ ।

### १०.४. राजश्व परिचालन

- Pilot Project को रुपमा करदाता सेवा कार्यालय ठमेलबाट रु.एक लाखसम्मको विद्युतीय माध्यमबाट राजस्व भुक्तानी गर्ने व्यवस्थाको तयारी अन्तिम चरणमा पुगेको।
- कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीका सम्बन्धमा विगतको प्रभाव मूल्याङ्कन र चालु वर्षका लागि सूचकहरु तयार गरी स्वीकृतिका लागि मन्त्रिपरिषदमा पेश गरिएको।
- GST बाट नेपालको अर्थतन्त्रमा परेको प्रभाव सम्बन्धी विषयमा अध्ययन गर्न कार्यदल गठन गरी अन्तिम प्रतिवेदन प्राप्त भई कार्यान्वयन भइरहेको ।
- आन्तरिक राजस्व विभागको **ITS** प्रणाली र भन्सार विभागको **ASYCUDA** प्रणालीबीच अन्तर आवद्धता गरिएको र अन्य विभागका प्रणालीहरुको अन्तरआवद्धता सम्बन्धी कार्य भैरहेको ।
- गैरकर संकलन गर्ने मन्त्रालय तथा अन्य निकायहरुसँग एक दिने अन्तरक्रियात्मक गोष्ठी आयोजना गरिएको। गैरकर संकलन गर्ने सबै मन्त्रालय/विभाग/निकायहरुसँग पहिलो चरणको छलफल गरी प्रारम्भिक प्रतिवेदन तयार गरिएको ।
- राजस्व परामर्श समिति अन्तर्गत गैरकर सम्बन्धी छुट्टै एक उपसमिति गठन गरी अध्ययन भइरहेको ।
- चैत्र महिनासम्मको राजस्व संकलनको लक्ष्य रु ५२६ अर्व १२ करोड रहेकोमा रु. ५०८ अर्व ७४ करोड असुली भई लक्ष्यको तुलनामा ९६.६८ प्रतिशतले प्रगति भएको ।

### १०.५. अन्तरराष्ट्रिय आर्थिक सहायता परिचालन

- समयमै सोधभर्ना प्राप्त गर्ने प्रक्रियालाई थप गति प्रदान गर्न भन्सार विभागका उप-महानिर्देशकको नेतृत्वमा तीन सदस्यीय समिति गठन गरिएको ।
- आ.ब. २०७४/०७५ चैत्र महिना सम्म अनुदान सहायता रु ६२ अर्ब ५४ करोड ५१ लाख र ऋण सहायता रु ८८ अर्ब ३३ करोड ४६ लाख गरी जम्मा रु १ खर्ब ५० अर्ब ८७ करोड ९७ लाखको बैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएकोमा रु ४२ अर्ब २३ करोड १८ लाख प्राप्त भएको ।
- मार्च १५ २०१८ (२०७४ चैत्र १८) "Post-disaster Recovery for Tatopani Frontier Inspection Station Project, the Hospital Recovery Project in Sindupalchok and Jiri Secondary School Reconstruction Project " कार्यान्वयन सम्बन्धी नेपाल सरकार र जनगणतन्त्र चीन सरकारबीच सम्झौता सम्पन्न भएको ।

१०.६. <u>आर्थिक नीति तथा वित्तीय क्षेत्र व्यवस्थापन सम्बन्धी कार्य</u>:

- आर्थिक वर्ष २०७४।७५ मा रु. १४५ अर्व आन्तरिक ऋण उठाउने लक्ष्य रहेकोमा चालू आर्थिक वर्षको चैत्र मसान्तसम्म रु.१३५ अर्व ६७ करोड आन्तरिक ऋण उठाइएको ।
- २०७४ साल साउन १ गते देखि कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले एकपटकमा दश लाख रुपैयाँ वा सोभन्दा बढी मूल्यको कुनै सेवा वा वस्तु खरिद विक्री वा अन्य कारोवार गर्दा वित्तीय संस्था वा बैंकिङ्ग उपकरण मार्फत गर्नु पर्ने गरी नगद कारोवारको सीमा लागू गरिएको ।
- नेपालले Asset Recovery Inter-Agency Network Asia Pacific को सदस्यता प्राप्त गरेको ।
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा सहकारी संस्थाहरुलाई दिईने निर्देशनको मस्यौदा तयारी गर्न सहकारी बिभागलाई सहयोग र समन्वय गरिएको ।
- गैर बैङ्किङ वित्तीय क्षेत्र तथा गैर वित्तीय क्षेत्रका सूचक संस्था तथा पेशाकर्मीको नियमन सम्बन्धमा अध्ययन सम्पन्न भएको।
- संयुक्त राष्ट्रसंघको भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि सम्बन्धी नेपालको मूल्यांकन प्रतिवेदन तयारी कार्यमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई आवश्यक सहयोग गरिएको।
- नेपालमा सन् २०१८ जुलाइ २१ देखि २७ सम्म Asia Pacific Group on Money Laundering (APG) को बैठक गर्ने निर्णय भएकोले सो बैठकको तयारीको काम भईरहेको ।
- चालु आ.ब. २०७४/७५ को चैत्र मसान्त सम्ममा अर्थ मन्त्रालयको निर्णय बमोजिम गोरखकाली रवर उद्योग लिमिटेडलाई तलव, भत्ता, पारिश्रमिक तथा विद्युत महसुल भुक्तानीका लागि रु.२ करोड ३० लाख, साना किसान विकास वैंङ्क लिमिटेडलाई पशुजन्य, मासुजन्य, कृषि पशुधन कर्जा कार्यक्रम सञ्चालनका लागि रु.१ अर्व ५० करोड, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड लाई 4HI Web Offset Book Printing Machine खरिद गर्न रु.७ करोड, नेपाल बिधुत प्राधिकरणलाई बिभिन्न आयोजनाहरु

कार्यान्वयन गर्न रु.१ अर्व ५० करोड ५८ लाख ३४ हजार, नेपाल मेटल कम्पनी लिमिटेड लाई तलव भत्ता र प्रशासनिक खर्च भुक्तानीको लागि रु. ३० लाख, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन वोर्डलाई ढल प्रशोधन तथा खानेपानी सुधार आयोजनाको लागि ४ अर्व ६२ करोड ८२ लाख ५९ हजार गरी कुल रु.७ अर्व ७३ करोड ९३ हजार ऋण लगानी सम्बन्धी ऋण तमसुक गरिएको ।

- नेपाल सरकारबाट सार्वजनिक संस्थानमा लगानी हुने बैदेशिक ऋण तर्फको ऋण तथा अनुदान रकममा साना किसान विकास वैंङ्क लिमिटेडलाई उन्नत बिउ बिजन कार्यक्रमको लागि रु.८० करोड र नेपाल विद्युत प्राधिकरणलाई प्रसारण तथा बितरण क्षमता अभिवृद्धि आयोजनाको लागि रु.१५ अर्व रकम (SDR १०,९२,२९,०००) गरी कुल रु.१५ अर्व ८० करोड रकमको सहायक ऋण सम्झौता गरिएको ।

- स्थानीय तहको सञ्चित कोष खाता वाणिज्य बैंकमा रहने र यसको विद्युतीय सूचना महालेखा नियन्त्रक कार्यालयमा प्राप्त हुने व्यवस्था मिलाउन चैत्र मसान्त सम्ममा करिव ४०० स्थानीय निकायमा वाणिज्य बैंकको शाखा स्थापना भएको ।
- कृषि क्षेत्रमा सहुलियत दरमा प्रदान गरिने कर्जाको प्रक्रियालाई सरल बनाई आम किसानको पहुँच वृद्धि गर्न व्यावसायिक कृषि कर्जामा ब्याज अनुदान दिने कार्यविधि संशोधन गरी सरल बनाइएको ।
- पूर्वाधार विकासमा निजी क्षेत्र तथा विदेशी लगानी अभिवृद्धि गर्न चालू वर्ष शुरु गरिएको स्वदेशी तथा विदेशी बैंकहरू समेतको सहभागितामा पूर्वाधार विकास बैंक स्थापना गर्ने कार्य आगामी वर्षमा सम्पन्न गर्ने सम्वन्धमा नेपाल सरकाले ५% लगानी गर्ने निर्णय भएको । प्रथम किस्ता वापतको रकम लगानी गरेको।
- निक्षेपकर्ताहरूको सुरक्षा गर्न र वित्तीय स्थायित्व कायम गर्न वित्तीय स्थायित्व प्रत्याभूतिका थप उपायहरू अपनाउन नयाँ धितोपत्र निष्कासन नियमावली जारी भएको ।

### १०.७. कानुन तर्जुमा तथा संशोधन

- संघीय आकस्मिक कोष ऐन, २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ राजपत्रमा प्रकाशित भएको ।
- संघीय लेखापरीक्षण ऐन, २०७४ को मस्यौदा तर्जुमा भई सहमतिका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको।
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ तर्जुमा गरिएको ।
- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को नमुना मस्यौदा २०७४/१०/९ मा स्वीकृत भएको ।

- प्रदेशको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७४ को नमूना मस्यौदा (२०७४/१०/१७ मा) स्वीकृत भएको ।
- मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल (गठन) आदेश, २०७४ स्वीकृत भई राजपत्रमा सूचना प्रकाशनका लागि मुद्रण विभाग पठाइएको ।
- आर्थिक कार्यविधि (पहिलो संशोधन) नियमावली, २०७५ को प्रस्ताव मन्त्रिपरिषदमा पठाइएको।

## १०.८. सार्वजनिक संस्थान व्यवस्थापन

- सार्वजनिक संस्थानहरुले आफ्ना खरिद सम्बन्धी कानुन सार्वजनिक खरिद ऐन, २०६३ अनुकुल हुने गरी संशोधन गर्न परिपत्र गरिएको ।
- सम्मानित सर्बोच्च अदालतको आदेश बमोजिम विशाल बजार कम्पनी लिमिटेडमा नेपाल सरकारको नाममा कायम भएको रु. ३ अर्व ९६ करोड वरावरको ३ करोड ९६ लाख कित्ता शेयर आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयको नाममा कायम गरिएको ।
- महालेखा परीक्षकको २०७३/०७४ को प्रारम्भिक प्रतिवेदनमा सरकारले सार्वजनिक संस्थानहरुमा गरेको लगानीको प्रतिफल (लाभांश ) प्राप्त नभएको विषयमा लाभांश रकम दाखिला गर्न निर्देशन दिईएको ।
- सार्वजनिक संस्थान तथा सरकारी स्वामित्वमा भएको समिति, बोर्ड, कम्पनी तथा संस्थानहरुको नाममा रहेको घर/जग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७४ मा व्यवस्था भएको प्रतिष्ठानको घर/जग्गा तथा सम्पतीको व्यवस्थापन र संरक्षणको अनुगमन गरी अभिलेख सहितको वार्षिक प्रतिवेदन तयार गरी अर्थ मन्त्रालयमा पेश गर्न गठित समितिले आफ्नो कार्य अघि बढाएको ।
- कृषि विकास बैंक लिमिटेडमा नेपाल सरकारले लगानी गरेको ***Irredeemable non cumulative preference share*** को सम्बन्धमा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखाका सह-सचिवको संयोजकत्वमा संस्थान समन्वय महाशाखाका सह-सचिव र नेपाल राष्ट्र बैंक प्रतिनिधि रहेको समिति गठन भएको ।

## १०.९ अन्तरसरकारी वित्त व्यवस्थापन

- स्थानीय तहलाई चालु आ. व. मा छुट्टयाइएको वित्तीय समानीकरण र सशर्त अनुदान रु.२२५ अर्व ५ करोड ४१ लाख ९१ हजार स्रोत तथा खर्च गर्ने मार्गदर्शन जारी भएको ।
- प्रदेश सरकारको लागि चालु आर्थिक बर्षमा रु ७ अर्व १४ करोड ६५ लाख अनुदान रकम विनियोजन ऐन, २०७४ बमोजिम निकासा पठाइएको ।
- प्रदेश र स्थानीय तहलाई अनुमानित स्रोतको विवरण पठाइएको ।
- स्थानीय तहको वित्त व्यवस्थापन अवस्थाको स्थलगत अध्ययन गर्ने कार्य गरिएको ।

- चार वटा जिल्लाका चार वटा नगरपालिका र चार वटा गाउँ पालिकाहरुको वित्त व्यवस्थापन अवस्थाको स्थलगत अध्ययन गरी प्रतिवेदन पेश भएको ।
- सात वटै प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव, महाशाखा प्रमुख, शाखा अधिकृत, प्रमुख कोष नियन्त्रक लगायत २८ जनालाई राजस्व प्रशासन तालिम केन्द्रमा वजेट तर्जुमा, मध्यमकालीन खर्च संरचना निर्माण, राजस्व संकलन, प्रदेश र संघ वीचको कार्यक्षेत्र लगायतका विषयमा तालिम प्रदान गरिएको।
- अन्तर सरकारी वित्त परिषद्को गठन गर्ने सम्वन्धमा प्रतिनिधिहरु मनोनयन गरी पठाउन ७ वटै प्रदेशहरुमा पत्राचार गरिएको ।
- स्थानीय तह र सोका प्रमुख र उपप्रमुखहरुसंग सम्पर्कको लागि विस्तृत विवरण (डिटेल प्रोफाइल) तयार गर्ने कार्य भैरहेको ।

**१०.९ अनुगमन तथा मूल्याङ्कनः**

- राष्ट्रिय गौरवका र प्राथमिकता प्राप्त २५ करोडभन्दा बढी परियोजना लागत भएका निर्माणाधिन परियोजनाहरुको समग्र बजेट बिनियोजन, ठेक्कापट्टाको स्थिति, खर्चको अवस्था त्यसको सबल र दुर्बल पक्षसमेतको स्थलगत अनुगमन गरी पृष्ठपोषण प्रदान गर्न अनुगमन गर्ने कार्यलाई निरन्तरता दिईएको छ।यस अवधिमा पूँजिगत तर्फका बुटवल- बेलहिया व्यापारिक मार्ग आयोजना, साना किसान विकास वैंक द्वारा संचालित कार्यक्रमहरु, व्यवसायिक कृषि आयोजना, लुम्विनी क्षेत्र विकास कोष, मेलम्ची खानेपानी परियोजना, माथिल्लो तामाकोशी जलविद्युत परियोजना, बृहत दाङ उपत्यका सिंचाई परियोजना, शहरी विकास तथा भवन निर्माण डिभिजन रोल्पा, ब्यापारिक मार्ग विराटनगर-धरान,जनता आवास कार्यक्रम सुनसरी-मोरङ्ग लगायतका आयोजना तथा कार्यालयहरु र चालू तर्फका आ.रा.का. नेपालगञ्ज ,नेपालगञ्ज भन्सार कार्यालय,सुदुर तथा मध्यपश्चिमाञ्चल राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय कोहलपुर ,आ.रा.का. विराटनगर, लामावगर भन्सार कार्यालय ,आ.रा.का. भैरहवा ,आ.रा.का. बुटवल ,भैरहवा भन्सार कार्यालय ,राजस्व अनुसन्धान पश्चिमाञ्चल क्षेत्रीय कार्यालय बुटवलको अनुगमन गरिएको छ ।
- आ.व. २०७४/७५ को बजेट कार्यान्वयन सम्वन्धी द्वैमासिक समीक्षा एवं आगामी आर्थिक वर्षको बजेट तर्जुमाको तयारी सम्वन्धी बैठक मिति २०७४/१२/२३ मा सम्पन्न भई देहाय बमोजिमको निर्णय भई कार्यान्वयनका लागि सवै मन्त्रालयहरुमा पठाईएको छ।

१. बजेट तर्जुमा र खर्चको क्रममा सवै मन्त्रालयले वित्तीय उत्तरदायित्व सम्वन्धी अनुशासन कायम गर्ने, स्रोत सुनिश्चितता भएका कार्यक्रमलाई आगामी वर्षको बजेट तर्जुमा गर्दा नियमित कार्यक्रम भित्र पार्ने गरी तयारी गर्ने, प्राथमिकता प्राप्त कार्यक्रममा स्रोत Earmark गरेर मात्र अन्य कार्यक्रममा बजेट विनियोजन गर्नुपर्ने ।

२. चालु आर्थिक वर्षको लक्ष्य अनुसार प्रगति हासिल हुने गरी बजेट कार्यान्वयन गर्न र आगामी आर्थिक वर्ष २०७५/७६ को बजेट तर्जुमा गर्दा संघीयता कार्यान्वयनको मोडलमा चालु आर्थिक वर्षको बजेटमा आधारित नभै शुन्यमा आधारित रहि तयारी गर्ने, स्थानीय सरकारको कार्य भूमिकालाई सहजीकरण हुने गरी मार्गचित्र बनाएर सबै मन्त्रालयहरुले कार्य सम्पादन गर्ने ।
३. बजेट तर्जुमा गर्दा पर्याप्त पूर्वतयारी गर्ने, दातृ निकायसंग सहायता संझौता गर्दा आफ्नो तर्फबाट तयारी गरेर मात्र गुणात्मक सम्झौता गर्ने, बजेट नियमन र सहजीकरण गर्दा कार्यान्वयनको प्रभावकारिता हेर्ने।
४. गैर बजेटरी बजेट माग गर्ने प्रवृत्तिले संसदीय मर्यादा माथि अवमूल्यन गरेको ठहरिने हुँदा यस विषयलाई सबै मन्त्रालयहरुले गम्भिर रुपमा लिने।
५. चालु आर्थिक वर्षको बाँकी अवधि लक्षित पूँजीगत खर्च गर्न अल्पकालीन रणनीति तयार गरी कार्यान्वयनमा ल्याउने।

**१०.१० प्रशासनिक कार्य सम्पादनः**

- यस मन्त्रालयको लागि आ.व.२०७४/०७५ मा आवश्यक पर्ने सूचना प्रविधि सम्वन्धी उपकरण तथा कम्प्यूटर खरिद सम्वन्धी सम्झौता गरिएको र Public Enterprises Management Information System सम्वन्धी सफ्टवेअर अपग्रेट गर्न सम्झौता गरिएको ।
- भन्सार ऐन, २०६४ बमोजिम जफत भएका सवारी साधनहरुका साथै एउटा सरकारी निकायको दर्ता, स्वामित्वमा रहेको सवारी साधन आर्थिक कार्यविधि, २०५५ र नियमावली २०६४ बमोजिम अर्को सरकारी निकायले प्रयोग गर्ने गरी विभिन्न सरकारी निकायलाई हस्तान्तरण गरिएको ।
- यस मन्त्रालयको कूल बेरुजु रकम रु ४३ अर्व ४७ करोड ९७ लाख १४ हजार रहेकोमा यस आ.व.को चैत्र मसान्तसम्ममा १३ अर्व १५ करोड २४ लाख १५ हजार ३०.२५% बेरुजु फर्छयौट भएको।
- वृत्ति विकासलाई कार्यसम्पादनसँग आवद्ध गर्ने सम्बन्धमा विभागीय प्रमुख तथा कार्यालय प्रमुखहरुसंग कार्य सम्पादन सम्झौता गरिएको र सोही वमोजिम ती पदाधिकारीहरुको कार्य सम्पादन मूल्यांकन गर्ने प्रणालीको विकास गरिएको ।

**१०.११ गुनासो ब्यवस्थापनः**

अर्थ मन्त्रालय र यस मन्त्रालयको मातहतका निकायहरुका सम्वन्धमा सरोकारवालाहरुका गुनासो ब्यवस्थापनको कार्य अनुगमन तथा मूल्यांकन महाशाखाले गर्दै आएको छ ।यस अवधिमा यस मन्त्रालयमा प्राप्त गुनासोहरुलाई गुनासोसंग सम्वन्धित महाशाखा तथा विभागहरुमा सुनुवाईका लागि पठाईएको र सो सम्वन्धमा गरिएको कारवाहीको जानकारी यस मन्त्रालयमा उपलब्ध गराउने संयन्त्रको

विकास गरिएको छ । यस अवधिमा अर्थ मन्त्रालय र मातहतका निकायहरुको कार्यसंग सम्वन्धित गुनासोहरुको सुनुवाईको अवस्था यसप्रकार रहेको छः

| गुनासोको माध्यम | प्राप्त संख्या | फछ्र्यौट संख्या | फछ्र्यौट(%) |
|---|---|---|---|
| हेलो सरकारबाट प्राप्त गुनासो | १४० | १४० | १००% |
| विगुलमा प्राप्त | ११ | ११ | १००% |

# आ.व. २०७४/७५ चैत्र महिनासम्मको राजस्व असूली विवरण

*प्रारम्भिक* (रु.हजारमा)

| सि.नं. | कर शिर्षक | वार्षिक लक्ष्य (२०७४/०७५) | आ.ब.२०७३/७४को असूली | | २०७४/७५चैत्रको | | २०७४/७५ चैत्रसम्मको | | वार्षिक लक्ष्यको तुलनामा असूली % | चालु आ.ब.को चैत्र महिनाको लक्ष्यको तुलनामा असूली % | चालु आ.व.को चैत्र महिना सम्मको लक्ष्यको तुलनामा असूली % | गत बर्षको यस अवधिको तुलनामा असूली वृद्धि दर % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चैत्रको | चैत्रसम्मको | लक्ष्य | असूली | लक्ष्य | असूली | | | | |
| १. | **भंसार महशुल** | **१३७,३२७,१८६** | **१०२५५३५२** | **८३४२४९०३** | १२,३५९,४४७ | **११८९९२४०** | १८,८७५,५७४ | १६०६३८५८ | ६९.९५ | ९६.२८ | ९७.१६ | १५.१५ |
| | पैठारी | १२०,४५६,८९६ | ८८५६२९६ | ७३२८३२९५ | १०,८४१,१२१ | १०४५६४९२ | ८६,७२८,९६५ | ८४४८६४६५ | ७०.१४ | ९६.४५ | ९७.४१ | १५.२९ |
| | निकासी | १,२९७,२४३ | ७७२८ | ८३६०४ | ११६,७५२ | ६१८० | ९३४,०१५ | ८६१३४ | ६.६४ | ५.२९ | ९.२२ | ३.०३ |
| | पुर्वाधार कर | ९,६५१,५८३ | ९७३०८५ | ६६८८५१५ | ८६८,६४२ | १०५०२५१ | ६,९४९,१४० | ७७०८४५१ | ७९.८७ | १२०.९१ | ११०.९३ | १५.२५ |
| | भन्सारको अन्य आय | ७९९,४९२ | ३७३३४ | २८७६५६ | ७१,९५४ | ३१७४१ | ५७५,६३५ | ३१५१४६ | ३९.४२ | ४४.११ | ५४.७५ | ९.५६ |
| | कृषि सुधार शुल्क | ५,१२१,९७२ | ३८०९०९ | ३०८१८३३ | ४६०,९७७ | ३५४५७७ | ३,६८७,८२० | ३४६७६६३ | ६७.७० | ७६.९२ | ९४.०३ | १२.५२ |
| २. | **मूल्य अभिबृद्धि कर** | **२१५,९६८,७९४** | **१५०४४३४१** | **११६८५३१८९** | १९,४३७,१९१ | **१७६८३९४७** | १५६,२३६,०७१ | १४३६९६२३१ | ६६.५४ | ९०.९८ | ९१.९७ | २२.९७ |
| | उत्पादन, विक्री, सेवा | ७३,८५३,९६५ | ५५५६३४० | ४३०५४६५६ | ६,६४६,८५७ | ६२७०९०३ | ५३,९१३,३९४ | ५२७३७६३४ | ७१.४१ | ९४.३४ | ९७.८२ | २२.४९ |
| | पैठारी | १४२,११४,८२९ | ९४८८००१ | ७३७९८५३३ | १२,७९०,३३५ | ११४१३०४३ | १०२,३२२,६७७ | ९०९५८५९६ | ६४.०० | ८९.२३ | ८८.८९ | २३.२५ |
| ३. | **अन्तःशुल्क** | **१०२,८८१,३०१** | **६६७८४३२** | **६१८२९९९३** | ८,६९३,३१४ | **७८७११२४** | ७२,३७६,५२८ | ६९२०५५७७ | ६७.२७ | ९०.५४ | ९५.६२ | ११.९३ |
| | आन्तरिक उत्पादन | ५६,६००,२७८ | ४४३४०७४ | ३२३६४५७६ | ४,५२८,०२२ | ५०९२७२४ | ३९,०५४,१९२ | ३९८७६४१५ | ७०.४५ | ११२.४७ | १०२.११ | २३.२१ |
| | पैठारी | ४६,२८१,०२३ | २२४४३५८ | २९४६५४१७ | ४,१६५,२९२ | २७७८४०० | ३३,३२२,३३६ | २९३२९१६२ | ६३.३७ | ६६.७० | ८८.०२ | -०.४६ |
| ४ | **स्वास्थ्य सेवा कर** | **१,२७०,४०४** | **१९५६६४** | **७६११२८** | ३१७,६०१ | **२८३१८९** | १,१५६,०६८ | ९७०३८३ | ७६.३८ | ८९.१७ | ८३.९४ | २७.४९ |
| ५ | **शिक्षा सेवा शुल्क** | **९९१,५३५** | **१२९५८७** | **५९४४५४** | १५८,६४६ | **१७३१८०** | ८२२,९७४ | ७२०४३० | ७२.६६ | १०९.१६ | ८७.५४ | २१.१९ |
| ६ | **आयकर** | **१६७,१९७,५६२** | **२२७९१३१२** | **९५३९५६४५** | २६,२९८,७०८ | **२५०९१६६७** | ११७,०४८,७३४ | ११०८६४५७२ | ६६.३१ | ९५.४१ | ९४.७२ | १६.२२ |
| | आयकर | १४९,७१६,९९३ | २२२३३८०१ | ८६९४४६८२ | २५,४५१,८८९ | २४३३४०२५ | १०४,८०१,८९५ | ९६८५१३६६ | ६४.६९ | ९५.६१ | ९२.४१ | ११.३९ |
| | घरजग्गा वहालकर | ४,९१९,८७४ | ३२७०३५ | २७७८७१७ | ३४४,३९१ | ३३०८७३ | २,९५१,९२४ | ३३१००४६ | ६७.२८ | ९६.०७ | ११२.१३ | १९.१२ |
| | व्याजकर | १२,५६०,६९६ | २३०४७६ | ५६७२२४६ | ५०२,४२८ | ४२६७६९ | ९,२९४,९१५ | १०७०३१६० | ८५.२१ | ८४.९४ | ११५.१५ | ८८.६९ |
| ७ | **रजिष्ट्रेशन दस्तुर** | **१८,४११,३१९** | **१७२८४४२** | **१४९३७६७९** | २,३९३,४७१ | **२५६५३५२** | १५,४६५,५०८ | ११०१५९९५ | ५९.८३ | १०७.१८ | ७१.२३ | -२६.२५ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | सवारी साधन कर | ९,८८७,०२१ | १३६१८७३ | ७०९७८६२ | ६९२,०९१ | १३५४९१८ | ८,२०६,२२७ | ८६१११५५ | ८७.१८ | १९५.७७ | १०५.०४ | २१.४४ |
| ९ | अन्य कर | १२,२६९,४३६ | ४७४२६ | ४५७०५४७ | ९८१,५५५ | १७३५०३३ | ९,३२४,७७२ | १४५३७४८८ | ११८.४९ | १७६.७६ | १५५.९० | २१८.०७ |
| | जम्मा कर राजश्व | ६६६,२०४,५५८ | ५८२३२४२९ | ३८५४६५४०० | ७१,३३२,०२५ | ६८६५७६५० | ४७९,५१२,४५६ | ४५५६९४४८९ | ६८.४० | ९६.२५ | ९५.०३ | १८.२२ |
| १० | जम्मा गैर कर राजश्व | ६३,८५१,०१२ | ६८३२४०० | ३३४८१५०० | १५,३२४,२४३ | ७४९८१३० | ४६,६११,२३९ | ५३२०४०६७ | ८३.३३ | ४८.९३ | ११४.१४ | ५८.९१ |
| | कूल राजश्व | ७३०,०५५,५७० | ६५०६४८२९ | ४१८९४६९०० | ८६,६५६,२६८ | ७६१५५७७९ | ५२६,१२३,६९५ | ५०८८९८५५५ | ६९.७१ | ८७.८८ | ९६.७३ | २१.४७ |

**१२. सूचना अधिकारी र प्रमुखको नाम तथा सर्म्पर्क टेलिफोन नम्वरः**

| | | |
|---|---|---|
| प्रमुख | : सचिव राजन खनाल, पिएच.डी. | ४२११३३२ |
| प्रवक्ता तथा सूचना अधिकारी | : सहसचिव झक्कप्रसाद आचार्य | ४२००४६९ |

**१३ सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ३ र ७(१) बमोजिम माग गरिएको सूचना र उपलब्ध गराइएको सूचना संख्या :**

माग गरिएको सूचना संख्या : ९

उपलब्ध गराइएको सूचना संख्या : ९

**१४ ऐन, नियम र निर्देशिकाको सूचीः**

अर्थ मन्त्रालयलाई निर्दिष्ट गरिएका कार्यहरु सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अर्न्तगतका निकायहरुले निम्नानुसारका कानून प्रयोग गरी आफनो कार्य सम्पादन गर्ने गरेका छन्।

- नेपालको संविधान २०७२ को आर्थिक कार्य प्रणाली सम्वन्धी विषयमा उल्लिखित धाराहरु
- आयकर ऐन, २०५८
- मूल्य अभिवृद्धि कर ऐन, २०५२
- अन्तःशुल्क ऐन, २०५८
- भन्सार ऐन, २०६४
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- सम्पत्ति शुद्धीकरण अनुसन्धान ऐन, २०६४
- विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९
- निकासी पैठारी नियन्त्रण ऐन, २०१३
- मदिरा ऐन, २०३१
- उपभोक्ता संरक्षण ऐन, २०५४
- सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण नियमावली, २०६६
- औषधी ऐन, २०३५
- खानी तथा खाद्य पदार्थ ऐन, २०४२
- खाद्य ऐन, २०२३
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- वन ऐन, २०४९
- राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९
- लागू औषध (नियन्त्रण) ऐन, २०३३
- हातहतियार खर खजाना ऐन, २०१९
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- विष्फोटक पदार्थ ऐन, २०१९
- पेटेन्ट, डिजाइनर ट्रेड मार्क ऐन, २०१९
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सम्वन्धमा वनेको ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन सम्वन्धमा वनेको ऐन, २०७४

- भन्सार नियमावली, २०६४
- मूल्य अभिबृद्धि कर नियमावली, २०५३
- आयकर नियमावली, २०५९
- अन्तःशुल्क नियमावली, २०५९
- मदिरा नियमावली ,२०३३
- रासायनिक मल निर्देशिका, २०५७
- रासायनिक मल नियन्त्रण आदेश, २०५५
- नेपाल सवारी प्रदुषण मापदण्ड, २०५६
- वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति२०६६/७/१६ को सूचना
- निजीगुण्टा, झिटी भारी सम्बन्धी सूचना
- सालवसाली आर्थिक ऐन
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७०
- नेपाल सरकारका निर्णयहरु
- आर्थिक कार्यविधि ऐन, २०५५
- आर्थिक कार्यविधि नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- ऐन सम्बद्ध निर्देशिकाहरु (आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार ऐन वमोजिम)
- WTO/WCO को वडापत्र
- SAARC/SAFTA को वडापत्र

## १४ .अन्य विवरणः

**(क) मन्त्रालय र अर्न्तगत विभागहरुको वेभसाईटः**

| नाम | उपयोग |
|---|---|
| www.mof.gov.np | अर्थ मन्त्रालयका प्रकाशन तथा अन्य सूचनामुलक जानकारी |
| www.fcgo.gov.np | महालेखा नियन्त्रक कार्यालयका प्रकाशन तथा अन्य सूचनामुलक जानकारी |
| www.ird.gov.np | आन्तरिक राजस्व विभागका प्रकाशन तथा अन्य सूचनामूलक जानकारी |
| www.customs.gov.np | भन्सार विभागका प्रकाशन तथा अन्य सूचनामुलक जानकारी |
| www.ratc.gov.np | राजस्व प्रसाशन तालीम केन्द्रका प्रकाशन तथा अन्य सूचनामुलक जानकारी |

**(ख) अर्थ मन्त्रालयका प्रकाशनहरुः-**

अर्थ मन्त्रालयले आफुसंग सम्बन्धित कामहरूको प्रगति विवरण तथा प्रतिवेदनहरू, बजेट सम्वन्धी दस्तावेजहरु मन्त्रालयको वेभसाइटमा राख्नुका साथै छपाई गरेर प्रकाशन गरी सर्वसाधारणको सहज पहुँच स्थापित गरिएको छ। मन्त्रालयका प्रकाशनहरू निम्न बमोजिम छन्ः-

- बजेट कार्यान्वयनको बार्षिक प्रतिवेदन,
- बजेट तर्जुमा दिग्दर्शन,
- मन्त्रालयहरूको प्रगति विवरण
- प्राविधिक सहायता सम्बन्धी विवरण,
- विनियोजन ऐन र रातो किताब,
- आर्थिक ऐन र राजस्वको नीति तथा कार्यक्रम,
- राष्ट्रऋण उठाउने ऐन र ऋण तथा जमानत ऐन,
- आर्थिक सर्वेक्षण
- वजेट वक्तव्य
- सार्वजनिक संस्थानहरूको स्थिति प्रतिवेदन,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिमको वार्षिक प्रतिवेदन ,
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा५(३) बमोजिम प्रस्तुत गरिएको अर्थ मन्त्रालयसंग सम्बन्धित आ.व. २०७४/७५ पौष महिनाको सार्वजनिक विवरण
- आर्थिक वर्ष २०७४/७५ को वजेटको मध्यावधि मूल्याँकन प्रतिवेदन,
- नेपाल टेलिभिजनबाट **"आर्थिक समृद्धि"** कार्यक्रम प्रशारण भइरहेको,
- रेडियो नेपालबाट प्रत्येक शनिवार विहान सात बजेको समाचार पछि **आर्थिक नेपाल** कार्यक्रम प्रशारण भइरहेको,
- IECCD News Letter
- लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, २०६९
- डेभलपमेन्टको-अपरेशन रिपोर्ट, २०१६

**(ग) मन्त्रालय अन्तर्गत विभागीय प्रमुखहरु :**

| पद | नाम,थर | कार्यालय | फ्याक्स नं. | टेलिफोन नं.. |
|---|---|---|---|---|
| महालेखा नियन्त्रक | श्री रामकुमार आचार्य | महालेखा नियन्त्रक कार्यालय | ४१४६५१ | ४४१४३२५ |
| महानिर्देशक | श्री विष्णुप्रसाद नेपाल | आन्तरिक राजस्व विभाग | ४११७८८ | ४४१०३४० |
| महानिर्देशक | श्री तोयम राया | भन्सार विभाग | २५९८०८ | ४२५९७९३ |
| तालीम प्रमुख | श्री चन्द्रकला पौडेल | राजस्व प्रशासन तालीम केन्द्र | ५२४९८९ | ५५२३१७१ |

**(घ) आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरुको टेलिफोन र फ्याक्स नम्बरहरु :**

| सि.नं. | कार्यालयको नाम | कोड नं | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व विभाग | ०१ | ४४१५८०२ | ४४११७८८ |
| २ | ठूला करदाता कार्यालय | ०१ | ५०१००५० | ५०१००५१ |
| ३ | आन्तरिक राजस्व कार्यालय, भद्रपुर | ०२३ | ४५५०१२ | ४५५०१९ |
| ४ | आन्तरिक राजस्व कार्यालय, धरान | ०२५ | ५२०९८२ | ५२८२८३ |
| ५ | आन्तरिक राजस्व कार्यालय, विराटनगर | ०२१ | ५३०१६६ | ५२२७१७ |

| | | | | |
|---|---|---|---|---|
| ६ | आन्तरिक राजस्व कार्यालय, लाहान | ०३३ | ५६०१८८ | ५६०४४९ |
| ७ | आन्तरिक राजस्व कार्यालय, जनकपुर | ०४१ | ५२०१३६ | ५२०२९७ |
| ८ | आन्तरिक राजस्व कार्यालय, सिमरा | ०५३ | ५२०९३० | ५२०७१३ |
| ९ | आन्तरिक राजस्व कार्यालय, वीरगंज | ०५१ | ५२२०६६ | ५२२११२ |
| १० | आन्तरिक राजस्व कार्यालय, हेटौंडा | ०५७ | ५२३१०१ | ५२०३०८ |
| ११ | आन्तरिक राजस्व कार्यालय, भरतपुर | ०५६ | ५२०१०६ | ५२६७७८ |
| १२ | आन्तरिक राजस्व कार्यालय, पोखरा | ०६१ | ४६४३६३ | ४६४४४९ |
| १३ | आन्तरिक राजस्व कार्यालय, भैरहवा | ०७१ | ५२०८५७ | ५२१७६३ |
| १४ | आन्तरिक राजस्व कार्यालय, वुटवल | ०७१ | ५५०५२४ | ५५०५२३ |
| १५ | आन्तरिक राजस्व कार्यालय, कृष्णनगर | ०७६ | ५२०६३२ | ५२००३२ |
| १६ | आन्तरिक राजस्व कार्यालय, दाङ | ०८२ | ५२२१०९ | ५२०००९ |
| १७ | आन्तरिक राजस्व कार्यालय, नेपालगंज | ०८१ | ५२००२६ | ५२६२०९ |
| १८ | आन्तरिक राजस्व कार्यालय, धनगढी | ०९१ | ५२१२०६ | ५२१२०६ |
| १९ | आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर | ०९९ | ५२१११८ | ५२११०६ |
| २० | आन्तरिक राजस्व कार्यालय, ललितपुर | ०१ | ५०१००९ | ५०१००१० |
| २१ | आन्तरिक राजस्व कार्यालय, भक्तपुर | ०१ | ६६१२२२६ | ६६१४७९५ |
| २२ | आन्तरिक राजस्व कार्यालय, काठमाडौं १ | ०१ | ४२४१३०१ | ४२२९८७३ |
| २३ | आन्तरिक राजस्व कार्यालय, काठमाडौं २ | ०१ | ४२२१९६६ | ४२२२६०८ |
| २४ | आन्तरिक राजस्व कार्यालय, काठमाडौं ३ | ०१ | ४४१५९७० | ४४१०२८५ |
| २५ | करदाता सेवा कार्यालय, चावहिल | ०१ | ४४८४३४० | ४४८४३४० |
| २६ | करदाता सेवा कार्यालय, कोटेश्वर | ०१ | ४४८९२४७ | ४४८९२४७ |
| २७ | करदाता सेवा कार्यालय, पुतलीसडक | ०१ | ४२४३१७६ | ४२४२१७६ |
| २८ | करदाता सेवा कार्यालय, वत्तिसपुतली | ०१ | ४४८५५९० | ४११३६९० |
| २९ | करदाता सेवा कार्यालय, बानेश्वर | ०१ | ४४८४६७१ | ४४८५५४३ |
| ३० | करदाता सेवा कार्यालय, त्रिपुरेश्वर | ०१ | ४२३०५६३ | ४२३०५६३ |
| ३१ | करदाता सेवा कार्यालय, नयाँसडक | ०१ | ४२६६५७२ | ४२६६६५३ |
| ३२ | करदाता सेवा कार्यालय, ठमेल | ०१ | ४२१८९५३ | ४२१८९५३ |
| ३३ | करदाता सेवा कार्यालय, महाराजगंज | ०१ | ४४१९२६४ | ४४१९२६४ |
| ३४ | करदाता सेवा कार्यालय, बालाजु | ०१ | ४३८९७९१ | ४३८९७९४ |
| ३५ | करदाता सेवा कार्यालय, कलंकी | ०१ | ४२८९९५२ | ४२८५९५१ |
| ३६ | करदाता सेवा कार्यालय, कालिमाटी | ०१ | ४२८३६५८ | ४२८२८१२ |
| ३७ | करदाता सेवा कार्यालय, टंगाल | ०१ | ४४३९४७७ | ४४३९४७६ |

## भन्सार विभाग र अन्तर्गतका कार्यालयहरुको टेलिफोन र फ्याक्स नम्बरहरु :

| सि.नं. | विभाग/ कार्यालयको नाम | कोड नं | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| १ | भन्सार विभाग | ०१ | ४२५९७९३ | ४२५९८०८ |
| २ | पशुपतिनगर भन्सार | ०२७ | ५५०००४ | ५५०००४ |
| ३ | मेची भन्सार | ०२३ | ५६२०३४ | ५६२००४ |
| ४ | विराटनगर भन्सार | ०२१ | ४३५८४३ | ४३६२९७ |
| ५ | सुनसरी भन्सार | ०२५ | ४६००३० | ४६००३० |
| ६ | राजविराज भन्सार | ०३१ | ५२०१९६ | ५२०१९६ |
| ७ | सिराहा भन्सार | ०३३ | ५२०३२२ | ५२०१५६ |
| ८ | जनकपुर भन्सार | ०४१ | ५२०१६६ | ५२०८५० |
| ९ | जलेश्वर भन्सार | ०४४ | ५२०२०२ | ५२०२०२ |
| १० | सर्लाही भन्सार | ०४६ | ५२०१५४ | ५२०१५४ |
| ११ | गौर भन्सार | ०५५ | ५२०११० | ५२०२२० |
| १२ | वीरगंज भन्सार | ०५१ | ५२२२२० | ५२८७०० |

| सि.नं. | विभाग/ कार्यालयको नाम | कोड नं | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| १३ | सुख्खा वन्दरगाह भन्सार | ०५१ | ६२११६२ | ५३३३२२ |
| १४ | भैरहवा भन्सार | ०७१ | ५२०१२४ | ५२०८३४ |
| १५ | कृष्णनगर भन्सार | ०७६ | ५२००३० | ५२००७३ |
| १६ | कोइलावास भन्सार | ०७६ | ५२००३० | ५२००७३ |
| १७ | नेपालगन्ज भन्सार | ०८१ | ५२०२७९ | ५२०२७६ |
| १८ | राजापुर भन्सार | ०८४ | ४२०९३३ | ४६०१५० |
| १९ | कैलाली भन्सार | ०९१ | ५२११४२ | ५२११४२ |
| २० | कंचनपुर भन्सार | ०९९ | ५२१२३६ | ५२२३१४ |
| २१ | महाकाली भन्सार | ०९५ | ६९०८६३ | ६९०८६३ |
| २२ | तातोपानी भन्सार | ०११ | ४८०१३१ | ४८०१३४ |
| २३ | त्रि.वि.स्थल भन्सार | ०१ | ४४७०११० | ४४७४४२६ |
| २४ | भन्सार जाँचपास परीक्षण | ०१ | ४४६२३८१ | ४४६२३८५ |
| २५ | रसुवा भन्सार | ०१० | ६७०१८२ | |

## (छ) मन्त्रालय अन्तर्गतका विभिन्न निकायहरुको टेलिफोन र फ्याक्स नम्बरहरु :

| सि.नं. | विभाग/कार्यालयको नाम | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|
| १ | नेपाल राष्ट्र बैंक (केन्द्रिय कार्यालय) | ४४१०३८६ | ४४१०१५९ |
| २ | राष्ट्रिय वाणिज्य बैंक | ४२५२५९५ | ४२५२९३१ |
| ३ | कृषि विकास बैंक (केन्द्रिय कार्यालय) | ४२६२६९० | ४२६२९२९ |
| ४ | ऋण असुली पुनरावेदन न्यायाधिकरण | ४२२४८९१ | ४२२४९११ |
| ५ | ऋण असुली न्यायाधिकरण | ४४४१४१९ | ४४४१४१८ |
| ६ | नागरिक लगानी कोष | ४७८५७८४ | ४७८४९४५ |
| ७ | वीमा समिति | ४८११०५७ | ४८१०४९० |
| ८ | राष्ट्रिय वीमा संस्थान | ४२६२५२० | ४२६२६१० |
| ९ | कर्मचारी सञ्चय कोष | ५०१०१६५ | ५०१०२३० |
| १० | साना किसान विकास बैंक (वित्तीय संस्थान) | ४१११८२८ | ४१११९०१ |
| ११ | निक्षेप तथा कर्जा सुरक्षण निगम | ४४२१२४१ | ४४१०१२७ |
| १२ | धितोपत्र वोर्ड | ५५४१०५७ | ५५४१०५८ |
| १३ | नेपाल स्टक एक्सचेन्ज | ४२५०७३५ | ४२६२५३८ |
| १४ | राष्ट्रिय वीमा कम्पनी लिमिटेड | ४२५८८६६ | ४२५८७२१ |
| १५ | नगर बिकास कोष | ४४९३८६६ | ४४७१२२७ |